**लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान (नोभेम्बर २५ देखि डिसेम्बर १०, २०२२) का सन्दर्भमा सामाजिक विकास मन्त्रालयबाट तयार गरिएको कार्यक्रमको रुपरेखा**

आदरणीय सञ्चारकर्मीज्यूहरु,

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान (नोभेम्बर २५ देखि डिसेम्बर १०, २०२२) विगत बर्ष झै यस बर्ष पनि मनाउने सन्दर्भमा मिति २०७९।७। २३ का दिन सामाजिक विकास मन्त्रालयका श्रीमान सचिवज्यूको सयोजकत्वमा विभिन्न सरोकारवाला निकाय र संघ संस्थाको सहभागितामा बैठक बसी कार्यक्रमहरु गर्ने निर्णय भएका छन्। UNITE! Activism to end violence against women and girls! भन्ने अन्तर्राष्ट्रिय नारा र "सभ्य समाजको पहिचानः लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान" भन्ने राष्ट्रिय नाराका साथ यस प्रदेशका स्थानीय तहहरु तथा सरोकारवाला संघ संस्था र निकाय सबै पक्षबाट यो अवधिभर अभियान सञ्चालन गरिदै छ। प्रदेशको राजधानी विराटनगरमा यस मन्त्रालयले अभियानका सन्दर्भमा देहायका कार्यक्रमहरु गर्न लागिरहेको यहाँहरु समक्ष जानकारी गराउँदछौं ।

**मुख्य कार्यक्रमहरु:**

१. मिति २०७९।८।९ गते देखि सबै मन्त्रालयहरुका वेबसाईटमा १६ दिने अभियान सम्बन्धी प्रचार-प्रसार सामग्री राखिने,
२. मिति २०७९।८।९गते ११ बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सामाजिक विकास मन्त्रालयका सचिवज्यूबाट प्रमुख सचिवज्यूमा सेतो रिबन, फ्लेक्स र ब्रोसर हस्तान्तरण गर्दै कार्यक्रमको शुभारम्भ गर्ने,
३. मिति २०७९।८।९ गते १२ बजे बाट यस मन्त्रालयको अगुवाईमा संघ संस्था समेतको सहभागितामा आन्तरिक मामिला तथा कानून, आर्थिक मामला तथा योजना मन्त्रालय र जिल्ला प्रहरी कार्यालय मोरङमा कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ को प्रमुख व्यवस्था सम्बन्धी फ्लेक्स, ब्रोसर वितरण र लैङ्गिक हिंसा विरुद्वको अन्तरक्रिया/छलफल कार्यक्रम सञ्चालन गर्ने,
४. मिति २०७९।८।९ गते साँझ ५ बजे देवकोटा चौकमा दिप प्रज्वलन गर्ने,
५. संघ-संस्थाहरु र महिला अधिकारकर्मीहरु सँगको समन्वय र सहकार्यमा लैंगिक हिंसा अन्त्य सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने,
६. मन्त्रालयका लैङ्गिक सम्पर्क व्यक्तिहरुका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,
७. अभियानको अन्त्यमा सबै सरोकारवाला निकायहरुद्वारा गरिएका कार्यक्रमको उपलब्धी समीक्षागर्ने।

अन्त्यमा यस कार्यक्रममा उपस्थित हुनु भएका सम्पूर्ण सञ्चारकर्मीज्यूहरुलाई हार्दिक धन्यवाद दिँदै माथि उल्लिखित कार्यक्रमहरुमा उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेशनं १, विराटनगर

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ विराटनगर, नेपाल

मिति:-२०७९।८।८